आज मिति २०८२ साल कार्तिक महिनाको २३ गतेका दिन बिहान ८ बजे निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको ९५ औं बैठक गाउँपालिकाको अध्यक्ष श्री मुक्त बहादुर सारु ज्यूको अध्यक्षतामा बसी देहाय अनुसारका प्रस्तावहरु माथी छलफल गरी निर्णय गरियो ।

उपस्थितिहरुः-

अध्यक्ष श्री मुक्त बहादुर सारु

उपाध्यक्ष श्री तिरन कुमारी श्रेष्ठ

सदस्य श्री यम बहादुर राना वडा

सदस्य श्री फतें सिंह दर्लामी

सदस्य श्री नबिन्द्र थापा सोति

सदस्य श्री सन्तबिर सुनारी

सदस्य श्री दुर्गा बहादुर थापा

सदस्य श्री मेख बहादुर सुनारी

सदस्य श्री मुक्त बहादुर पाटा

सदस्य श्री हेम कुमारी सुनारी

सदस्य श्री मिम्श्री बयम्बु

सदस्य श्री देबिसरा सोमै

सदस्य श्री खुमीसरा पुलामी

सदस्य श्री रिकलाल बि क

सदस्य श्री खुम बहादुर बि क

सदस्य सचिव श्री पूर्ण बहादुर चितौरे

अन्य सहयोगी कर्मचारी

श्री सन्जय खनाल

श्री कुश्माखर पान्डे

श्री लाल बहादुर खन्गाहा

मिति २०८२।०७।२३ गते बसेको निस्दी गाउँपालिकाको ९५ औं गाउँ कार्यपालिकाको बैठकको

प्रस्तावहरु

१,समिक्षा तथा रिपोटिङ सम्बन्धमा ।

२,नाम छनौट सम्बन्धमा ।

३,मो.बा.मर्मत सम्बन्धमा।

४,विविध ।

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मिति २०८२।०७।२३ गते बसेको निस्दी गाउँपालिकाको ९५ औं गाउँ कार्यपालिकाको बैठकको निर्णयहरु

१.प्रस्ताव नं. १ माथि छलफल गर्दा गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा गरियो । गत कार्यपालिका बैठकको निर्णय कार्यान्वयन भएको पाइयो । सात वटै वडाका वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरुबाट वडा कार्यालयबाट सञ्चालित सेवा प्रवाह साथै विविध विषयको अवस्थाबारे रिपोर्टिङ गर्नुका साथै अन्य विविध विषयमा समिक्षा गरियो ।

२.प्रस्ताव नं.२ माथि छलफल गर्दा यस निस्दी गाउँपालिकाको स्थानीय पाठ्यक्रम बमोजिम कक्षा २ को मगर भाषाको किताबमा यस निस्दी गाउँपालिकाका देहाय अनुसारको व्यक्तिहरुको जीवनी समावेश गर्ने निर्णय गरियो ।

क. केम बहादुर खाम्चा

ख. दल बहादुर जर्घा

ग. गन बहादुर वि.क.

३.प्रस्ताव नं. ३ माथि छलफल गर्दा शुभ आर के निर्माण कम्पनी सँग सम्झौता गरी निस्दी गाउँपालिका वडा नं.७ र वडा नं.४ मा चालु सडक मर्मतको काम गर्ने र बाँकी वडाहरुमा गाउँपालिकाकै व्याकहोलोडर मार्फत गराउने सर्वसम्मत निर्णय गरियो ।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देहाय अनुसार निर्णय गरियो ।

क. गाउँ कार्यपालिकाको निर्णय बमोजिम गरिएको मनोसामाजिक परामर्शकर्ताको विज्ञापनमा १ जना उम्मेद्वारले मात्र दरखास्त दिएकोमा निजले अन्यत्र नियुक्ति भई उक्त पदको लिखित परीक्षामा सहभागी हुन नसक्ने व्यहोरा सहितको निवेदन पेश गरेकोले उक्त पदको पुन: ७ दिनको म्याद रहने गरी पुन:विज्ञापन गर्ने सर्वसम्मत निर्णय गरियो ।

ख. निस्दी गाउँपालिकाको ठेक्का नं.NCB/NRM/1S2E/WORKS/079-080-11( Upgrading works of Kem Khamcha) को सम्झौता म्याद थपको लागि माग भई आएकोमा यस पालिकाबाट अनुगमन गर्दा भौतिक प्रगति करिब ४५ प्रतिशत देखिएको र बाँकी काम अबिरल वर्षा,बाटो अवरोध र नदिजन्य निर्माण सामाग्रीको अभावको कारण काबु बाहिरको परिस्थिती देखिन गई सम्पन्न नभएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० बमोजिम उक्त आयोजनाको सम्झौता म्याद मिति २०८३।०३।२५ सम्म थप गर्ने सर्वसम्मत निर्णय गरियो ।

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश, नेपाल मित्याल, पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर साह
अध्यक्ष

ग. सहलकोट स्वास्थ्य चौकी भवन निर्माण योजना र औषधी खरिदको लागि ३१ दिने सूचना साथै नदिजन्य पदार्थ उत्खन्नको लागि चौथो पटक निस्दी ६ अर्चले डुम्रीघाटको ७ दिने सूचना सहितको अनलाईन ठेक्का आह्वान गर्ने र तेस्रो पटक ठेक्का आह्वान गर्दा पनि ठेक्का नपरेका १० वटा अन्य घाटहरुमा निकालिने नदिजन्य पदार्थ ढुङ्गा,गिट्टी,बालुवा वापतको राजस्व संकलनको जिम्मा नियमानुसार वडा कार्यालयलाई दिने सर्वसम्मत निर्णय गरियो ।

निस्दी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय लुम्बिनी प्रदेश,नेपाल मित्याल,पाल्पा

पूर्ण बहादुर चितौरे
प्रमुख प्रशासकीय अधिकृत

मुक्त बहादुर सारु
अध्यक्ष